कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं

३ नं. प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२

फ्याक्स: ०१-४४५०३५६

टोल फ्रि नं.:१६६००१२७७७७


पत्र संख्या: २०७५/०७६

च. नं.:

मितिः २०७५।०९।०५

## यस नगरपालिकाको नियामकिय अधिकार भित्र रहेका सम्पुर्ण सहकारी संस्थाहरुलाई सुचना

यस नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सम्पुर्ण सहकारी संस्थाहरुले सहकारीका मुल्य, मान्यता तथा सिद्धान्तको पुर्ण पालना गर्दै यस नगरपालिकाको सहकारी ऐन २०७५, ले तोकेका व्यवस्था भित्र रहि आफ्ना व्यवसाय तथा कारोवास संचालन गर्नुहुन सुचित गरिन्छ । साथै सम्पुर्ण संस्थाहरुले देहाय बमोजिम गर्नुगराउनु हुन तथा तोकिए बमोजिमका विवरण तथा जानकारी समयमानै अनिवार्य रुपमा यस नगरपालिकाको सहकारी शाखामा पेश गर्नुहुन अनुरोध गरिन्छ ।

(क) प्रत्येक संस्थाले पौष मसान्त भित्र साधारण सभा सम्पन्न गरि सोको १५ दिनभित्र साधारण सभाका निर्णय, लेखापरिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी ।

(ख) कारोबारको चौमासिक प्रतिवेदन र वार्षिक प्रतिवेदन ।

(ग) बार्षिक कार्यक्रम नीति तथा योजना,

(घ) संस्थाको खुद बचत सम्बन्धी नीति तथा योजना,

(ङ) सञ्चालकको नाम, बाँकी कार्यावधिको सूची तथा निर्वाचित पदाधिकारीको नागरिकता, स्थानियताको प्रमाण र फोटो सहितको तिनपुस्ते विवरण ।

(च) साधारणसभाको बैठक तथा छलफलका विषय सहितको जानकारी,

(छ) संस्थाका कुल शेयर सदस्य संख्या र शेयरपूँजीको विवरण ।

(ज) सञ्चालक वा सदस्यले संस्थाबाट लिएको ऋण र तिर्न बाँकी रहेको रकम तथा भाखा,

(झ) प्रत्येक संस्थाले आफ्नो काम, कारवाहि तथा कारोवारको मासिक विवरण प्रत्येक महिना ७ गतेभित्र ।

(ञ) दर्ता गर्ने अधिकारीले समय समयमा माग गरेका तथा तोकिदिएको अन्य विवरण ।

(ट) साधारण सभाबाट स्विकृत संस्थाको आन्तरिक कार्यविधि तथा नीतिको एकप्रति ।

पुनश्चः संस्थाबाट पेश हुने सम्पुर्ण कागजात समितिको अध्यक्षबाट प्रमाणीत गरिनुपर्ने ।